NCE NEPAL

कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र
अंक १२

पृष्ठभूमि

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) ले विगत २००३ साल देखि नेपालमा निःशुल्क गुणस्तरीय सार्वजनिक शिक्षाको लागि वकालत तथा पैरवीमूलक कार्य गर्दै आइरहेको छ । विपत् तथा महामारीको अवस्थामा समेत शिक्षा तथा सिकाइ अधिकार सुनिश्चित हुनु पर्दछ भन्ने मान्यतामा एसिई नेपालले कोरोना महामारीको अवस्थामा समेत बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा सरकार, समुदाय तथा शिक्षाका अन्य सरोकारवालाहरूसँग निरन्तर संवाद, बहस, नीतिगत छलफलका साथै विभिन्न अनुसन्धानमूलक कार्यहरू गर्दै आएको छ । यस्ता गतिविधिलाई एनसिई नेपालले सदस्य संस्थाहरू, साझेदार सङ्घ संस्थाहरू तथा शिक्षाका सरोकारवालाहरूलाई सुसूचित गर्ने उद्देश्यले समाचारपत्रको माध्यमबाट सम्प्रेषण गर्दै आइरहेको छ ।

समाचारपत्रको यस अङ्कमा एनसिई नेपालद्वारा विभिन्न तहमा सम्पन्न भएका अभियान, एनसिई नेपालको संस्थागत विकास सम्बन्धी क्रियाकलापहरू, दिगो विकास लक्ष्य ४ को स्थानीयकरणका निम्ति भएका गतिविधि, शिक्षामा लगानी र प्रगतिशील कर सम्बन्धी कार्यशाला र बालबालिकाको सिकाइ निरन्तरता तथा विद्यालय पुनः सञ्चालन बारे सरोकारवालासँगको छलफल र बहस कार्यक्रमहरूको सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

कोरोना महामारीमा शैक्षिक रुपान्तरण विषयक छलफल कार्यक्रम

छलफल कार्यक्रममा उपस्थित सहभागीहरु

एनसिई नेपालले आफ्नो १२ औं वार्षिक साधारणसभाको अवसरमा "कोरोना महामारीमा शैक्षिक रूपान्तरण" विषयक नीतिगत बहस आयोजना सम्पन्न गरेको छ । कोरोना महामारीलाई चुनौतीको रूपमा मात्र नलिई अवसरको रूपमा लिएर अबको शिक्षा क्षेत्र कस्तो हुनुपर्दछ भन्ने बारे छलफल गर्न उक्त कार्यक्रम आयोजना गरिएको थियो । माननीय अर्थ मन्त्री जनार्दन शर्माको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. हरि लम्सालले शिक्षा क्षेत्रका समस्या तथा चुनौती एवम् अबको बाटो सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने सामाजिक अभियन्ता विमल कुमार फुयालले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै माननीय अर्थमन्त्री जनार्दन शर्माले शैक्षिक असमानताको अन्त्य गर्दै व्यवस्थित ढङ्गले लगानी वृद्धि गर्न र उत्पादनमा आधारित शिक्षा प्रणाली विकास गर्न आफ्नो प्रतिबद्धता जनाउनु भएको थियो ।

शिक्षाका लागि विश्वव्यापी अभियान (जिसिई) का अध्यक्ष रेफात सब्हा र एसिया साउथ प्यासिफिक एसोसियसन फर बेसिक एण्ड एडल्ट एडुकेसन (आस्वे) का महासचिव

माननीय अर्थ मन्त्री जनार्धन शर्मा कार्यक्रममा आफ्नो मन्तव्य दिँदै

हेलेन डाबूले कोभिड १९ महामारीले स्वास्थ्य, आर्थिकका साथै सामाजिक सङ्कट निम्त्याएको हुनाले नागरिक समाजले एकीकृत ढङ्गबाट शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्चितता बारे वकालत गर्नुपर्ने र महामारीको यस विषम परिस्थितिमा गरिब देशहरूको ऋण तथा कर माफ गरिनुपर्ने जस्ता कुरा व्यक्त गरेका थिए ।

जिसिईका अध्यक्ष श्री रेफात सन्हा जूम मार्फत आफ्नो मन्तव्य दिँदै

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिका सदस्य माननीय विद्या भट्टराई, राष्ट्रिय योजना आयोगका सदस्य डा. पुष्परमण वाग्ले तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. हरि लम्सालले संविधानमा उल्लिखित निःशुल्क गुणस्तरीय सार्वजनिक शिक्षालाई सर्वसुलभ बनाउन र शिक्षामा दिगो विकास लक्ष्य हासिल गर्न आफूहरु प्रतिबद्ध रहेको बताउनु भएको थियो । कार्यपत्रमाथि टिप्पणी गर्दै सामाजिक अभियन्ता विमल कुमार फुयालले शिक्षा क्षेत्रमा प्राविधिक जनशक्तिको साथै व्यवस्थापकीय र पेसागत क्षमताको खाँचो रहेको बताउनुभएको थियो । कार्यक्रमका अन्य वक्ताहरू एनसिई नेपालका पूर्व अध्यक्ष तथा सल्लाहकार श्री गौरी प्रधान,

प्रतिनिधिसभा सदस्य माननीय विद्या भट्टराई कार्यक्रममा बोल्दै

शिक्षाविद् डा. विद्यानाथ कोइराला र एडुकेशन आउट लाउडका क्षेत्रीय व्यवस्थापन इकाइका प्रतिनिधि श्री जनक राज पन्तले कोभिड १९ महामारी पश्चातको अवस्थामा शिक्षालाई रूपान्तरण गर्न सरकार योजनाबद्ध ढङ्गले अगाडि बढ्नु पर्ने, शिक्षालाई प्रविधिसँग जोड्नु पर्ने, र शिक्षामा लगानी वृद्धिको कुरा गर्दै गर्दा नेपालले यस क्षेत्रमा प्राप्त गरेको अनुदान र ऋणको समीक्षा पनि गर्नु पर्ने जस्ता सुझावहरु दिएका थिए ।

कार्यक्रममा एनसिई जिल्ला समन्वय समिति, सदस्य संस्था, र विभिन्न शिक्षा सञ्जालका प्रतिनिधि, शिक्षाविद् लगायत एनसिईका पूर्व अध्यक्ष, सल्लाहकार र बोर्डका सदस्य गरी ५० जनाको प्रत्यक्ष सहभागिता थियो भने जुम मार्फत करिब १०० जना र फेसबुक लाइभ मार्फत २०० जना भन्दा बढी कार्यक्रममा जोडिएका थिए । कार्यक्रमले शिक्षा क्षेत्रमा विद्यमान कमजोरीहरु पहिल्याउनका साथै कोभिड -१९ महामारीलाई मध्यनजर गर्दै शिक्षाका भावी योजनालाई दिशानिर्देश गर्न मद्दत पुऱ्याएको छ ।

उक्त कार्यक्रमको भिडिओ तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://www.youtube.com/watch?v=1QG-WM2vEzY&t=7010s

जीवनोपयोगी र प्रयोगात्मक शिक्षा आजको आवश्यकता : सन्दर्भ राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस

एनसिई नेपालले राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको सन्दर्भमा राष्ट्रिय स्तरमा देशव्यापी अभियानमूलक क्रियाकलापहरु आयोजना सम्पन्न गरेको थियो । राष्ट्रिय स्तरमा "**महामारीमा शैक्षिक क्षति र यसका आर्थिक सामाजिक असरहरू**" विषयक छलफल कार्यक्रम आयोजना गर्दै एनसिई नेपालले कोभिड महामारीले शिक्षा क्षेत्रमा पुऱ्याएको क्षति र यसले दूरगामी रूपमा पार्ने आर्थिक तथा सामाजिक असरहरूको बारेमा सरोकारवालाहरूको बिचमा चर्चा गरेको थियो । उक्त कार्यक्रममा सङ्घीय तथा विभिन्न स्थानीय सरकारका प्रतिनिधिहरु, राजनीतिक दलका नेताहरु, सङ्घीय सांसदहरु, नागरिक समाजका प्रतिनिधि, शिक्षक, विद्यार्थी तथा अविभावकहरूको सहभागिता रहेको थियो ।



माननीय विश्वनाथ पौड्याल, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

कार्यक्रममा प्रमुख अतिथि तथा मुख्य वक्ता राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय विश्वनाथ पौड्यालले गुणस्तरीय शिक्षाको सूचकमा बालबालिकाको सिकाइमा नियमितता, सिकाइ उपलब्धी, बालबालिकाको सिक्ने वातावरण र शैक्षिक संस्थाको पूर्वाधार विकासमा ध्यान दिन जरूरी रहेको र शिक्षालाई समाज र रोजगारसँग जोड्नु पर्ने कुरा व्यक्त गर्नुभएको थियो ।

प्रतिनिधिसभा सदस्य माननीय बिन्दा पाण्डे

त्यसैगरी प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिका अध्यक्ष माननीय जयपुरी घर्तीले बालबालिकाले घर समुदायमा आर्जन गर्ने व्यावहारिक ज्ञानलाई विद्यालय शिक्षासँग जोड्नु पर्ने, शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउँदै शिक्षाको नीजिकरण निरूत्साहित गर्नुपर्ने र आफू सार्वजनिक शिक्षा सुदृढीकरणमा प्रतिबद्ध रहेको जनाउनु भएको थियो ।

प्रतिनिधिसभा सदस्य माननीय विन्दा पाण्डेले राजनीतिकर्मी तथा जनप्रतिनिधिले शिक्षाप्रति आफ्नो दायित्व बुझ्नुपर्ने र संसदमा शिक्षाका समसामयिक विषयमा निरन्तर छलफल बहस चलाउनु पर्नेमा जोड दिनुभएको थियो । त्यस्तै गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका महासचिव वंशलाल तामाङ्गले शिक्षक, विद्यालय व्यवस्थापन समिति लगायत शिक्षक अभिभावक सङ्घ आफ्नो भूमिकामा अवगत हुनुपर्ने र संविधानले तोके अनुसार माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई दिइनुपर्ने कुरा राखेका थिए ।

वशंलाल तामाङ्ग, महासचिव, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

नगरपालिका सङ्घ नेपालका उपाध्यक्ष कविता ढुङ्गानाले स्थानीय तहको शिक्षा अधिकार सङ्कुचित भएको कुरा औंल्याउँदै शिक्षामा परिवर्तन ल्याउन स्थानीय ज्ञान र सीपलाई औपचारिक शिक्षामा समावेश गर्ने नीति ल्याउन आवश्यक रहेको बताउनु भएको थियो ।

उक्त कार्यक्रममा शिक्षाविद् डा. विष्णु कार्कीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने काठमाडौँ विश्वविद्यालयका प्रा. डा. बालचन्द्र लुइटेलले टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रमले अबको शिक्षाले समाउनु पर्ने मूल बाटो र त्यसलाई व्यावहारिक र रोजगारीमूलक बनाउन सरकार तथा अन्य सरोकारवालाहरूले लिनु पर्ने पहल कदमी र रणनीतिको बारेमा छलफल तथा बहस भएको थियो ।

दैलेखमा आयोजित कार्यक्रमका मुख्य अतिथिहरु

त्यसैगरी प्रदेश र जिल्ला स्तरमा पनि एनसिई जिल्ला समन्वय समिति तथा सदस्य संस्थाको समन्वयमा जिल्ला र स्थानीय तहमा कोभिड -१९ महामारीमा बालबालिकाको सिकाइ निरन्तरता, वैकल्पिक शिक्षण क्रियाकलापमा सीमान्तकृत बालबालिकाको पहुँच, विपत्मा स्थानीय सरकारद्वारा सिकाइ व्यवस्थापन, महिला साक्षरता जस्ता मुद्दा तथा सवालहरूमा छलफल, अन्तरक्रिया, बहस तथा दवाबमूलक कार्यक्रमको आयोजना गरिएको थियो । त्यस्ता कार्यक्रमहरु पर्वत, मकवानपुर, सिन्धुपाल्चोक, उदयपुर, दाङ्ग, बाँके, पर्सा, बारा, धनुषा, लमजुङ्ग, दोलखा, बाजुरा, पाल्पा, नवलपुर, सिराहा, दैलेख, चितवन, कैलाली र सुर्खेत गरी १९ जिल्लामा आयोजना भएका थिए ।

बारामा आयोजित कार्यक्रमको झलक

स्थानीयस्तरमा आयोजना भएका त्यस्ता कार्यक्रमहरूले सार्वजनिक शिक्षा सबलीकरणमा स्थानीय सरकारद्वारा भएका राम्रा अभ्यासबारे अनुभव आदानप्रदान, महामारीमा शैक्षिक क्षति र यसका आर्थिक, सामाजिक असरबारे अन्तरक्रिया, प्रविधि प्रयोगले निम्त्याएको असमानताको अवस्था, शिक्षा क्षेत्रमा लगानी वृद्धि, सामुदायिक सिकाइ केन्द्रको उत्थान जस्ता विषयहरूमा सचेतना वृद्धिका साथै त्यस्ता सवालहरूमा थप पैरवी तथा वकालतमा टेवा पुगेको थियो ।

दिगो विकास लक्ष्य ४ को स्थानीयकरणको लागि वकालत : सन्दर्भ दिगो विकास लक्ष्य सप्ताह

एनसिई नेपालद्वारा दिगो विकास लक्ष्य ४ को स्थानीयकरण, कार्यान्वयनको अवस्था र आगामी कार्यदिशा विषयक सुदूर पश्चिम प्रदेश स्तरीय छलफल कार्यक्रम सम्पन्न भएको छ । दिगो विकास लक्ष्यहरूको कार्यान्वयन भएको करिब एक दशक पुग्दा समेत स्थानीय स्तरमा यस बारेको सचेतनाकै अभाव रहेको छ । तसर्थ दिगो विकास लक्ष्यको कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारहरूलाई समेत अझ उत्तरदायी बनाउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

सुदूर पश्चिम प्रदेशका अर्थराज्यमन्त्री माननीय माया तामाङ बोहोराको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा सुदूर पश्चिम प्रदेश सभा सदस्यहरु, राजननीतिक दलका प्रतिनिधिहरु, स्थानीय सरकारका प्रतिनिधिहरु, विद्यार्थी, पत्रकार, शिक्षक, अभिभावक, नागरिक समाजका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

सुदूरपश्चिम प्रदेशका अर्थराज्यमन्त्री माननीय माया तामाङ बोहरा कार्यक्रममा आफ्नो भनाई राख्दै

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि बोहोराले माध्यामिक शिक्षासम्मको अधिकार पाएको स्थानीय तहमा शिक्षा सम्बन्धी ऐन बनाउनु पर्ने र प्रदेशमा गुणस्तरीय शिक्षाका लागि अनुगमन चुस्त पार्नुपर्ने बताउनु भएको थियो । उहाँले शिक्षा क्षेत्रलाई अर्थ मन्त्रालयले प्राथमिकतामा राखेको र आगामी दिनमा समेत यसलाई निरन्तरता दिने बताउनु भयो ।

कार्यक्रममा सुदूर पश्चिम प्रदेशसभा सदस्य माननीय महेशदत्त जोशीले संविधानमा मौलिक हकको रूपमा स्थापित शिक्षा अधिकारको उचित कार्यान्वयनको लागि शिक्षा ऐन र नीतिको आवश्यकता रहेको तथा अपाङ्गमैत्री शिक्षा र मातृ भाषामा शिक्षा पाउने अधिकार सुनिश्चित हुनुपर्ने कुरा औंल्याउँदै सन् २०३० भित्र दिगो विकास लक्ष्य प्राप्त गर्न तीनै तहका सरकार तथा शिक्षा क्षेत्रमा आबद्ध सङ्घ संस्थाहरू प्रतिबद्ध हुनुपर्ने कुरा व्यक्त गर्नुभयो ।

सुदूर पश्चिम सामाजिक विकास मन्त्रालय, उच्च शिक्षा महाशाखाका अधिकृत जयदेव महराले सुदूर पश्चिम प्रदेशको वर्तमान शिक्षाको अवस्था, शैक्षिक संस्थाहरूको विवरण लगायत दिगो विकास लक्ष्य स्थानीयकरण गर्न आवश्यक उपायहरूको बारेमा प्रस्तुति गर्नु भएको थियो । कार्यक्रममा एनसिई नेपालले दिगो विकास लक्ष्यको स्थानीयकरण र सचेतीकरणको निमित्त प्रदेश तथा स्थानीय सरकारले चाल्नु पर्ने कदम र रणनीतिको बारेमा समेत प्रस्तुती गरेको थियो ।

साथै जिल्ला तथा स्थानीय स्तरमा दिगो विकास लक्ष्य सप्ताहको सन्दर्भमा दिगो विकास लक्ष्य ४ बारे स्थानीय तहका शिक्षा सरोकारवालालाई अभिमुखीकरण गर्न तथा यसका मुख्य सूचकलाई स्थानीय तहका योजना तथा कार्यक्रममा समावेश गरी स्थानीयकरणमा वकालत तथा पैरवी गर्न रूपन्देही, मकवानपुर, बारा, कपिलवस्तु, कास्की, उदयपुर, कालीकोट, पर्वत, डोटी र दैलेखमा एनसिई जिल्ला

मकवानपुरमा आयोजित अभिमुखीकरण कार्यक्रमका सहभागीहरु

समन्वय समितिको सहकार्यमा दिगो विकास लक्ष्य सप्ताहको अवसरमा विभिन्न नीतिगत बहस, छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएका थिए ।

उदयपुरमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरु

रुपन्देहीमा आयोजित कार्यक्रमको झलक

कार्यक्रममा दिगो विकास लक्ष्य ४ को कार्यान्वयनको अवस्था, यसको स्थानीयकरणमा स्थानीय तह, नागरिक समाज तथा शिक्षा सरोकारवालाको भूमिका, कोभिड १९ महामारीमा सिकाइ निरन्तरताको लागि भएका पहलका साथै शिक्षा नीति तथा ऐनमा छलफल भएको थियो ।

कार्यक्रमले स्थानीय तहका जनप्रतिनिधि तथा शिक्षा सरोकारवालालाई दिगो विकास लक्ष्य ४ को प्रभावकारी कार्यान्वयनप्रति संवेदनशील बनाउन र स्थानीय स्तरमा यस प्रतिको अपनत्व बढाउन सहयोग पुगेको थियो ।

राष्ट्रिय बाल दिवसको अवसरमा विभिन्न कार्यक्रम सम्पन्न

चितवनमा आयोजित चित्र प्रतियोगिताका सहभागीहरु

"सामान्य अवस्था वा कोभिड महामारी बाल अधिकारको संरक्षण हामी सबैको जिम्मेवारी" भन्ने मूल नाराका साथ एनसिई नेपाल र यसका जिल्ला समन्वय समितिहरूले यस वर्षको राष्ट्रिय बाल दिवस पर्वत, कपिलवस्तु, उदयपुर, दाङ्ग, बाजुरा, पाल्पा, नवलपुर, सिरहा, चितवन, मोरङ्ग, दोलखा, बाँके, पर्सा र रूपन्देही गरी १४ जिल्लामा विभिन्न कार्यक्रम गरी राष्ट्रिय बालदिवस मनाएका छन् । विभिन्न बहस तथा छलफल कार्यक्रम, सरोकारवालाहरूसँग अन्तरक्रिया, कविता प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, चित्र प्रतियोगिता जस्ता कार्यक्रम आयोजना गरी भव्य रूपमा सम्पन्न भएको थियो ।

दाङ्गमा आयोजित अन्तरक्रिया कार्यक्रममा एक छात्रा आफ्नो भनाई राख्दै

पाल्पामा आयोजित वक्तृत्वकला प्रतियोगिताका बिजेताहरु

कार्यक्रमले जिल्ला तथा स्थानीय तहमा बाल अधिकारको अवस्थाबारे बहस तथा पैरवी गर्न र स्थानीय सरकार तथा सरोकारवालालाई बालअधिकार कार्यान्वयनप्रति जिम्मेवार र जवाफदेही बनाउन सहयोग पनि पुऱ्याएको छ ।

गुणस्तरीय शिक्षा अधिकारमा शिक्षकको भूमिका : सन्दर्भ अन्तर्राष्ट्रिय शिक्षक दिवस

पर्सामा आयोजित कार्यक्रमका सहभागीहरु

"शैक्षिक रूपान्तरणका लागि शिक्षक" भन्ने मूल नाराका साथ एनसिई नेपालले विभिन्न तहमा छलफल, संवाद तथा विद्यालय स्तरमा शिक्षकहरूद्धारा भएका उदाहरणीय अभ्यास बारे सिकाइ आदान प्रदान जस्ता कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय शिक्षक दिवस सिन्धुपाल्चोक, बाँके, चितवन, धनुषा, पर्सा, दैलेख, दाङ्ग, दोलखा, मकवानपुर, पर्वत, लमजुङ्ग, पाल्पा, बारा, उदयपुर, कैलाली र सुर्खेत गरी १६ वटा जिल्लामा सम्पन्न गरेको छ ।

दोलखामा आयोजित कार्यक्रममा सहभागी आफ्नो भनाइ राख्दै

यसरी आयोजना गरिएको कार्यक्रमहरूमा शिक्षक समुदायको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा सिर्जनशील र समुन्नत समाज निर्माणमा शिक्षाको भूमिका, विद्यालयमा आधुनिक शिक्षण अभ्यास, विद्यार्थीको सिकाइ उपलब्धी बढाउन र गुणस्तरीय शिक्षा कायम गर्न शिक्षकको भूमिका, शिक्षक व्यवस्थापनमा स्थानीय सरकारद्वारा भएका काम, पढ्दै कमाउँदै कार्यक्रम जस्ता विद्यालयका राम्रा अभ्यासहरू छलफल भएको थियो । साथै शिक्षकलाई तलब समयमा निकासा हुनुपर्ने, शिक्षक र प्र.अ. बिच सुमधुर सम्बन्ध स्थापना गर्नुपर्ने, शिक्षकहरू राजनैतिक गतिविधिबाट टाढा बस्नुपर्ने र शिक्षक र विद्यालय व्यवस्थापन समितिको बैठक निरन्तर हुनुपर्नेमा कार्यक्रमहरूमा जोड दिइएको थियो । अबको शिक्षा क्षेत्रलाई अघि बढाउन शिक्षक नै सक्रिय हुनुपर्ने र शिक्षकको क्षमता विकास गर्न र मनोबल उच्च राख्न स्थानीय सरकारको निरन्तर सहयोग आवश्यक रहेको साझा बुझाई यी कार्यक्रममा भएको थियो ।

लैङ्गिक हिंसा अन्त्यका लागि शिक्षा: सन्दर्भ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

डोटीमा आयोजित चित्रकला प्रतियोगिता

घर तथा समुदायस्तरमा व्याप्त रहेको लैङ्गिक हिंसा अन्त्यका लागि शिक्षाको महत्व हुन्छ । शिक्षित समाजमा लैङ्गिक हिंसा सम्बन्धी घटनाहरु कमै देख्न पाइन्छ । यही कुरालाई आत्मसाथ गर्दै एनसिई नेपालले लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा जिल्ला समन्वय समिति र सदस्य संस्थाहरूद्वारा लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा विभिन्न दवाबमूलक अभियान, सडक नाटक, र्‍याली, अन्तरक्रिया तथा छलफल कार्यक्रम, रेडियो मार्फत जनचेतनामूलक सन्देश प्रसारण, बालबालिका तथा युवाहरूद्वारा रचनात्मक प्रस्तुति जस्ता कार्यक्रमहरू आयोजना भएका थिए । डोटी, अछाम, बाँके,

कपिलवस्तुमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागिहरु

सुर्खेत, कपिलवस्तु, मकवानपुर, रूपन्देही, चितवन, पर्वत, स्याङ्जा, पाल्पा, पर्सा, धनुषा, दोलखा, झापा र सिन्धुपाल्चोक गरी १६ जिल्लामा सम्पन्न भएका यी कार्यक्रममा सुरक्षित र लैङ्गिक मैत्री वातावरण, महिलालाई शिक्षामा समान अवसर, सामाजिक सञ्जालले निम्त्याएको हिंसा र त्यसको न्यूनीकरण, बालविवाह र लैङ्गिक हिंसा अन्त्यका लागि पहल, सो किसिमका हिंसा न्यूनीकरणमा सञ्चारकर्मी र नागरिक समाजको भूमिका जस्ता विषय वस्तुमा पनि छलफल भएको थियो । साथै लैङ्गिक हिंसा अन्त्यका लागि स्थानीय तथा प्रदेश सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन एनसिई कपिलवस्तु, रूपन्देही र पर्वतद्वारा नागरिक समाजको तर्फबाट अपिल तथा ज्ञापनपत्र बुझाउने कार्य पनि सम्पन्न भयो ।

शिक्षा अधिकार मानव अधिकार: सन्दर्भ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस

शिक्षा अधिकारलाई मानव अधिकारको रूपमा स्विकार्नु पर्ने र जस्तोसुकै अवस्थामा पनि बालबालिकाको शिक्षा तथा सिकाइको अधिकार सुनिश्चित हुनुपर्दछ भन्ने मूल नाराका साथ एनसिई जिल्ला समन्वय समितिहरु र सदस्य संस्थाहरुद्धारा डोटी, अछाम, सुर्खेत, कपिलवस्तु, रूपन्देही, चितवन, पर्वत, पाल्पा, धनुषा, दोलखा र सिन्धुपाल्चोक जिल्लाहरुमा ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा विभिन्न अन्तरक्रिया, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न भएका छन् ।

अद्दाममा आयोजित अन्तरक्रिया कार्यक्रमको झलक

पाल्पामा आयोजित सरोकारवालाहरुसंगको अन्तरक्रिया कार्यक्रम

यी कार्यक्रममा जिल्लामा शिक्षा अधिकारको अवस्था, यसका चुनौती, राम्रा अभ्यास र शिक्षा अधिकार सुनिश्चित गर्न स्थानीय सरकार तथा सरोकारवालाको भूमिकाको विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना भएका थिए । यी कार्यक्रमले हिंसामा परेका बालबालिकाको शिक्षा अधिकारको सुनिश्चितताका लागि वकालत गर्न, विपत्मा शिक्षा अधिकारलाई थप प्राथमिकता दिन र शिक्षा अवस्था सुधारका लागि कानुनी प्रावधानहरुको उचित कार्यान्वयनमा जोड दिएको थियो ।

शिक्षामा लगानी र प्रगतिशील कर विषय छलफल

शिक्षामा लगानी र प्रगतिशिल कर सम्बन्धी सरोकारवालाहरुबिच अन्तरक्रिया कार्यक्रम

शिक्षा क्षेत्रमा हालको लगानी अभावलाई सम्बोधन गर्न प्रगतिशील कर प्रणाली एक माध्यम हुन सक्दछ र यसको विषयमा नीति निर्माता देखि आम सरोकारवालाहरुको सचेतना अभिवृद्धि गर्ने उदेश्यले एनसिई नेपालले एक छलफल कार्यक्रमको आयोजना गरेको थियो । यस कार्यक्रमले सहभागीहरूलाई नेपालको कर प्रणाली, हाल कर सङ्कलन र खर्चको अवस्था, कर चुहावट र कर छलीको असरबारे अभिमुखीकरणका साथै शिक्षा बजेटको विनियोजन र उपयोगितामा पनि ध्यानाकर्षण गराएको थियो ।

सहभागीहरु कार्यशाला गोष्ठीमा समूहकार्य गर्दै

कार्यक्रमले सार्वजनिक शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउन उचित लगानी आवश्यक रहेको र यसका निमित्त नेपालको कर प्रणालीमा सुधार हुनुपर्ने, प्रगतिशिल करको अवधारणा लागू हुनुपर्ने, नागरिक समाज तथा शिक्षा सरोकारवालाले यसमा पैरवी गर्नुपर्ने र कर छली जस्ता कार्यलाई सरकारले ध्यानपूर्वक नियन्त्रण र दण्डित गरिनु पर्नेमा जोड दिएको थियो ।

बालबालिकाको सिकाइ निरन्तरता तथा शिक्षा अधिकार सुनिश्चित गर्ने बारे सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम

सिन्धुपाल्चोकमा आयोजित एक कार्यक्रममा एनसिई जिल्ला संयोजक हर्क तामाङ्ग प्रस्तुति गर्दै

कोभिड १९ का कारण विद्यालयहरु बन्द रहेको अवस्थामा शिक्षा क्षेत्रमा के कस्ता समस्याहरु छन् बालबालिकालाई कसरी निरन्तर सिकाइमा जोड्न सकिन्छ र यी समस्याका समाधान गर्दै शिक्षा अधिकार सुनिश्चित गर्न स्थानीय सरकारको कस्तो भूमिका रहन्छ भन्ने बारे एनसिई अछाम, डोटी, बारा, दैलेख, दाङ्ग, धनुषा, दोलखा, कालीकोट, पर्वत, पाल्पा र सिन्धुपाल्चोकमा विभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना भएका छन् ।

बाजुरामा आयोजित कार्यक्रमको झलक

दोलखामा आयोजित कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला शिक्षा समितिका अध्यक्ष डवल पाण्डे

यी कार्यक्रममा गाँउपालिका तथा नगरपालिकाका प्रमुख, शिक्षा विकास तथा समन्वय इकाईका प्रतिनिधि, वडा अध्यक्ष, स्थानीय तहका शिक्षा शाखा प्रमुख, वि.व्य.स. का अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षक सङ्घ तथा नागरिक समाजका प्रतिनिधिको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरु बिच शिक्षा क्षेत्रमा देखिएका समस्या तथा कोभिड १९ ले पारेको प्रभाव र समाधानका उपाय, शिक्षाको अधिकार सम्बन्धी संवैधानिक व्यवस्था, विद्यमान शिक्षा नीति र प्रावधान कार्यान्वयनको अवस्था, शिक्षा निरन्तरताका विकल्पका साथसाथै सुरक्षाका मापदण्ड अपनाएर विद्यालय पुनः सञ्चालन सम्बन्धी छलफल भएको थियो । कार्यक्रममा उपस्थित जनप्रतिनिधिले शैक्षिक क्षेत्रलाई अगाडि बढाउनको लागि स्थानीय सरकारले समस्यालाई पहिचान गरेर कार्ययोजना अनुसार अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

पर्वतको मदर्शा विद्यालयमा आयोजित कार्यक्रममा सहभागी आफ्नो भनाई राख्दै

यस्ता अन्तरक्रिया कार्यक्रमका साथै एनसिई पर्वत, पाल्पा र बाराले स्थानीय सरकारलाई विद्यालय सञ्चालनमा स्वास्थ्य मापदण्डको पालना, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री विद्यालयको स्थापना, शिक्षा क्षेत्रमा लगानी वृद्धि, विद्यार्थी, शिक्षक र कर्मचारीलाई कोभिड १९ विरूद्धको खोपको व्यवस्था, बालबालिकालाई मनोसामाजिक परामर्श तथा शिक्षा क्षेत्रमा कार्यरत सङ्घ संस्थासँग निरन्तर समन्वय र सहकार्यको माग गर्दै ध्यानाकर्षण पत्र बुझाएका छन् ।

सञ्चार माध्यममा एनसिई नेपाल

LAHANPOST.COM
बस्तीपुर मातेमा एनसीई नेपालले बाल दिवस मनाइयो
लहान । 'सामान्य अवस्था वा कोभिड महामारी –बालअधिकार संरक्षण हाम्रो जि...

LOKPATI.COM
पर्वतमा मनाइयो अन्तराष्ट्रिय साक्षरता दिवस
49Shares लोकपाटी न्यूज निर्मल पौडेल / पर्वत। पर्वतमा ५५ औं अन्तर्राष्ट्रिय सा...

ENEPALPATRA.COM
एनसिई मोरङको अगुवाइमा बालदिवश मनाइयो
विराटनगर, ३० भदौ । बाल दिवशको अवशरमा मोरङको बुढीगंगा गाउँपालिका...

GORKHAPATRAONLINE.COM
'आनेवाये शिक्षा कि आनेवाये सोप ?'
"आरनमा कति डिग्री सेन्टिग्रेडमा फलाम तातेपछि त्यसलाई बङ्ग्याएर हँसिया ब...

ANUMODANKHABAR.COM
शिक्षामा वैकल्पीक प्रावीधिको प्रयोग आवश्यक
धनगढी / शिक्षामा वैकल्पीक प्रविधिको प्रयोग र बालबालिकाहरुलाई परेको अस...

BADIMALIKAKHABAR.COM
एनसिई नेपाल बाजुराको चौथो बार्षिक जिल्ला भेला सम्पन्न - बडिमालिका खबर

WEBTVKHABAR.COM
शिक्षामा लगानी बढाउन विज्ञ र अधिकारकर्मीको सुझाव
काठमाडौं । बढी कमाउनेसँग बढी कर लिएर सार्वजनिक शिक्षामा लगानी बढाउन विज्ञ र अधिकारकर्मीले सुझाव ...

AAMNEPALI.COM
दिगो विकास लक्ष्यको स्थानीयकरण र यसको तादम्यता सम्बन्धी अन्तरक्रिया

MAYADEVIONLINE.COM
लैङ्गिक हिंसा विरुद्ध खुशी जीवन नाटक प्रदर्शन
बाबुराम रायमाझी, बाणगंगा ।बढ्दो हिंसा र दुर्व्यवहार विरुद्ध कपिलवस्तुमा खु...

MECHIKALINEWS.COM
५७ औं बाल दिवसको सन्दभमा सरोकारवालाहरु बिच अन्तरक्रिया - Mechikali News

ANUMODANKHABAR.COM

शिक्षकको गुनासो हाम्रा आधारभूत आवश्यक्ता पोने पूरा भएनन्

धनगढी / कोभिड–१९ मा शिक्षकका चुनौती र अवसर तथा शिक्षक व्यवस्थापनमा...

JANATATIMES.COM

शिक्षाको प्रतिफलप्रति अर्थमन्त्रीको असन्तुष्टि

काठमाडौं, असोज २३ । अर्थ मन्त्री जनार्दन शर्माले शिक्षा क्षेत्रमा परिणाम र उत्पा...

NEWSDRISTI.COM

जलजलाका सरोकारवाला भन्छन, 'शिक्षामा स्थानीय स्रोत पोने लगाऔं'

PNNKHABAR.COM

शिक्षा, लैङ्गिक हिंसा र मानवअधिकारका विषयमा ध्यानाकर्षण पत्र बुझाइयो

NEWSDRISTI.COM

शिक्षक दिवस : शिक्षकलाई मात्र दोष दिएर हुँदैन, राज्य पोने जिम्मेवार बनोस

रामरोशन राष्ट्रिय दैनिक आइतबार १० असोज २०७८ (विविध) नि.प्र.का.स्थायी दर्ता नं. १/०६४/०६५ नि.इ.का.अद्यन दर्ता नं. १/०६४/०६५ ४

शिक्षाको गुणस्तरमा ध्यान दिन आवश्यक

रामरोशन समाचारदाता
मंगलसेन,०९ असोज

विद्यार्थि उत्साहित भएर स्कुल आउछन, शिक्षाको गुणस्तरमा ध्यान दिन आवश्यक रहेको एक कार्यक्रमका सरोकारवालाले बताएका छन ।

कोरोना महामारीले शिक्षा क्षेत्रमा पारेको प्रभावबारे जिल्ला स्थित सरोकारवालाहरु संग अन्तरक्रियामा सरोकारवालाहरुले सो कुरा बताएका हुन ।

जनप्रतिनीधी, गैरसरकारी संघ संस्थाका प्रतिनीधी, शिक्षक र पत्रकारबिच भएको अर्न्तरक्रियामा कोरोना भाइरसले २ वर्षको अवधिमा पारेको प्रभाव बारे छलफल गरिएको छ ।

शिक्षाका लागी राष्ट्रिय अभियान जिल्ला समन्वय समिती अध्यमको आयोजनामा भएको छलफलमा बोल्ने अधिकांश वक्ताले कोरोनाले गर्दा शिक्षा क्षेत्रमा निकै असर पारेको बताएका थिए ।

सुरुमा कोरोना संक्रमण तथा जोखिममा विद्यालय ब्यारेन्टाईमा हुदा अझै सरसफाई तथा मर्मत हुन नसकेका बताएका थिए । अनलाईन, रेडियो, टोल शिक्षा संञ्चालन भएपनी विद्यार्थिसम्म नपुग्दा प्रभावकारी जाने, केटाकेटीमा अनावश्यक मोबाईल चलाउने बानी बामबालिकामा परेको सहभागीले बताएका थिए । यसैले कोरोनाको जोखिम कम हुने बिलिकै जिल्लाभर संञ्चालन भएका विद्यालयमा विद्यार्थिको संख्या पहीलेको जस्तै उपस्थित हुने दर रहेको शिक्षकले बताएका थिए ।

विद्यालयमा विद्यार्थि उत्साहित भएर आईर हेकाले अब गुणस्तरमा सबैले ध्यान दिनुपर्ने बताएका थिए ।

शिक्षाका लागी राष्ट्रिय अभियान जिल्ला भएकाले अबको उत्पादनमा कस्तो होला भन्ने चिन्ता बढेको बताउनु भयो । छोरा छोरीले अध्ययन गरेन भन्ने भन्दा पनी अभिभावक शिक्षा अझै आवश्यकता रहेको बताउनु भयो ।

कोरोनाको जोखिमका बेलामा नगर पाबिकाले रेडियो कक्षा, वैकल्पिक टोल शिक्षा गर्दा समेत कुनै उपसमुची शासिल नभएको बताउनु भयो । अब विद्यालयमा उपस्थित हुने विद्यार्थिलाई टिकाई राख्न आवश्यक रहेको बताउनु भयो ।

विकासको पुर्वाधारसँग जोडिएको शिक्षा भएकाले सबैले उकास्न लाग्नु पर्ने बताउनु भयो ।

कोरोनाको बेला दुर दराजका गरिबका छोरा छोरी बढी शिक्षाबाट बन्चित भएका बताउनु भयो । शिक्षा देशको समृद्धिसँग जोडिएकाले यसको गुणस्तर का लागी सबैले चिन्ता व्यक्त गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय ईकाई अध्यमका प्रतिनीधी तेज बहादुर कुवर, शिक्षक संघका प्रतिनीधी पुर्ण बहादुर कुवर, गैरस महासंघ अध्यमका अध्यक्ष टेक प्रसाद दुगाना लगाएत, संघ संस्थाका प्रतिनीधी, पत्रकारले कोरोना जोखिमको बेला शैक्षिक गुणस्तर कायम गर्नका लागि खेलेका भुमिका र पारेको प्रभावको बारेमा जानकारी गराउनु भएको थियो ।

साथ नेपालको तर्फबाट शिक्षाका लागि राष्ट्रिय अभियान जिल्ला समन्वय समिती अध्यमका सदस्य महादेव भोक्ताको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्जिकरण सदस्य कमल राबमसे गर्नु भएको हो भने संञ्चालन

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-५३२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np